नगरपालिका
कार्यपालिकाको कार्यालय
सल्यान
२०७३

मिति २०७४/०२/२९ गते बनगाड कुपिण्डे नगरपालिका अन्तर्गतको नगर कार्यपालिकाको बैठकमा पेश भएका प्रस्तावहरु

१) धन्यवाद ज्ञापन सम्बन्धमा
२) संचालित तथा स्वीकृत कार्यक्रमहरु अनुमोदन सम्बन्धमा
३) वातावरण संरक्षण सम्बन्धमा
४) जनस्वास्थ्य सम्बन्धमा
५) सेवा प्रवाह सम्बन्धमा
६) विविध

उल्लेखित प्रस्ताव उपर छलफल गर्दा निम्नानुसार गर्ने/गराउने निर्णय गरियो ।

**१) धन्यवाद ज्ञापन सम्बन्धमा**

क) सिंगो कार्यपालिकालाई निर्वाचित गराउन सहयोग गर्ने मतदाता लगायत मतदान कार्यमा भाग लिने सम्पूर्ण नगरवासीलाई धन्यवाद ज्ञापन गर्ने ।

ख) विगतमा निर्वाचित जननिर्वाचित प्रतिनिधि नरहेको अवस्थामा स्थानिय राजनैतिक दलका प्रतिनिधिहरुसँग समन्वय गरी स्थानिय निकाय तथा तहलाई संचालन गर्ने सम्पूर्ण राजनीतिक दलका पदाधिकारी, निजामती तथा अन्य कर्मचारीहरुलाई धन्यवाद ज्ञापन गर्ने ।

ग) निर्वाचनमा संलग्न कर्मचारी, सुरक्षाकर्मी लगायत सबैलाई धन्यवाद ज्ञापन गर्ने ।

**२) संचालित तथा स्वीकृत कार्यक्रमहरु अनुमोदन सम्बन्धमा**

क) हालसम्म संचालित तथा स्वीकृत कार्यक्रमलाई अनुमोदन गर्दै स्वामित्व ग्रहण गर्ने ।

**३) वातावरण संरक्षण सम्बन्धमा**

क) आषाढ ८-१४ गते सम्मलाई सरसफाई सप्ताह र आषाढ २२-२८ गते सम्मलाई वृक्षारोपण सप्ताहको रुपमा वडा कार्यालयहरुले विभिन्न कार्यक्रमहरु आयोजना गरी मनाउने ।

ख) नगरपालिकालाई आउदो श्रावण १ गते देखि प्लाष्टिक झोला मुक्त क्षेत्र घोषणा गर्न सम्बन्धित वडाहरुले सम्बन्धित सबैमा जानकारी गराउने ।

ग) अम्रा देखि पूर्वमा आमखोला र पश्चिममा भेरी पुल सम्मको क्षेत्रलाई हर्न निषेधित क्षेत्र घोषणा गर्ने र उक्त कार्यलाई आगामी आषाढ १ गते देखि कडाइका साथ लागू गर्न वडा नं. १ ले नेपाल प्रहरी तथा ट्राफिक प्रहरी सँगको समन्वयमा पूर्ण जिम्मेवारीका साथ कार्य अगाडि बढाउने । उक्त क्षेत्रमा अधिकतम गति २० कि.मि/घण्टा भन्दा बढि हुन नदिने ।